**Patan Pragya** *(Volume: 11, Number: 2, 2022)* *ISSN 2594-3278*

Received Date: Oct. 2022 Revised: Nov.2022 Accepted: Dec. 2022

*Doi-https://doi.org/10.3126/pragya.v11i02.52176*

# को अछूत : उपन्यासमा सीमान्तीयता

**निलुफर बञ्जरा***

**लेखसार**

*प्रस्तुत लेखमा इटालेली माक्र्सवादी चिन्तक आन्तोनियो ग्राम्चीका दृष्टिमा दमित, अधीनस्थ, असक्त, दबिएका, आवाजविहीन, पाखा पारिएका, निर्धा श्रमिक र सर्वहारा वर्ग नै सीमान्तीकृत वर्ग हुन भन्ने विषयलाई लिएर को अछूत ? उपन्यासमा हिन्दु ब्राह्मणवादी वर्ण व्यवस्थाले निर्माण गरेको जातीय विभेदका साथै सामन्तवादी उत्पादन सम्बन्धले जन्माउने सामाजिक, सांस्कृतिक सम्बन्ध र यसले ल्याउने वर्गीय जातीय विभेदको चित्रण गरिएको छ । जातिगत उन्मुक्तिविना सांस्कृतिक र धार्मिक मुक्ति हुँदैन र समाज उत्थानको सम्भावना पनि छैन भन्ने मूल भाव बोकेको यस कृतिमा कथित तल्लो जातका मानिसहरूले भोग्न परेको सामाजिक अवस्थालाई समाजले कसरी सीमान्तकृत बनाएको छ भन्ने प्रश्नसहित सीमान्तीयताको अध्ययन गरिएको छ ।*

***शब्दकुञ्जी*** *: प्रभुत्व, ब्राह्मणवाद, सामन्तवाद, सीमान्तीयता, सीमान्तकृत ।*

## १. विषयपरिचय

मुक्तिनाथ तिमसिना (१९७१–२०४६) आधुनिक नेपाली उपन्यासका प्रगतिवादी उपन्यासकार हुन् । उनले उपन्यासमा समाजमा भएको वर्गभेद, जातिभेद तथा लैङ्गिकभेदका विरूद्धमा आवाज उठाएका छन् । उनको पहिलो उपन्यास मातृत्व र धर्मपुस्तक (२००७) हो भने दोस्रो उपन्यास ‘को अछूत ?’ (२०११) हो । ‘को अछूत ?’ नेपाली उपन्यास लेखन परम्परामा दलित पहिचानको सवाललाई प्रवेश गराउने पहिलो उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले नेपाली समाजमा विद्यमान जातीय छुवाछुतको विरोध गर्दै सांस्कृतिक विकृति–विसङ्गतिबाट पीडित जातिको मुक्तिको पक्षमा आवाज उठाएका छन् ।

विश्वमा अनेक प्रकारका जातीय पहिचान बोकेका मानिसहरू छन् । जाति मानिएको एउटा प्रमुख पहिचान हो । सबै जातिको अवस्था समान प्रकारको हुँदैन वा छैन । जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका छन् । शक्ति वा प्रभुत्वका दृष्टिले उच्च वर्गमा परेका जातिले अर्को कमजोर जातिलाई उसका अवसरबाट बञ्चित राख्दा वा उसका अवसरहरू खोसेर कमजोर जातिकाहरू जातीय आधारमा सीमान्तकृत बन्न पुग्दछन् । यही जातका कारण सदियौँदेखि हेपिएका जातिहरूको आवाजलाई सीमान्तीयताको सिद्धान्त अनुरूप यस कृतिमा रहेको पाठको विश्लेषण गरिएको छ ।

## २. अध्ययन विधि

प्रस्तुत लेखकार्य सम्पन्न गर्नका लागि अँगालिएका सामग्री सङ्कलनको प्रक्रिया, सैद्धान्तिक पर्याधार तथा अर्थापनको पद्धतिका बारेमा तल स्पष्ट पारिएको छ ।

### सामग्री सङ्कलन विधि

प्रस्तुत लेख साहित्यसँग सम्बन्धित भएकाले आवश्यक सामग्री सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । मुक्तिनाथ तिमसिनाद्वारा लिखित ‘को अछूत ?’ उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । त्यसै गरी जातीय सीमान्तीयताका लागि सीमान्तीय सिद्धान्तका पुस्तक, समालोचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरी यस कृतिको विश्लेषण गरिएको छ ।

*दर्शनाचार्य—विद्यावारिधि तह नेपाली केन्द्रीय विभाग त्रि.वि कीर्तिपुर ।* kabitabanjarakhatri@gmail.com.

**सामग्री विश्लेषणको सैद्धान्तिक आधार**

नेपाली सीमान्तीयता शब्द अङ्ग्रेजी भाषाको ‘सबाल्टर्न’ शब्दको रूपान्तरण हो । इटालेली माक्र्सवादी चिन्तक आन्तोनियो ग्राम्ची (१८९२—१९३७) को प्रिजन नोटबुक्स (१९२२—१९३५) लेखन, १९४७ प्रकाशनमा व्यक्त भएका सांस्कृतिक प्रभुत्व सम्बन्धी मान्यतामा सबाल्टर्नको विषय अगाडि आएको हो । उनले यस शब्दलाई आफ्नो अध्ययनमा ‘तल्लो तहको’ वा ‘उत्पीडित’ को अर्थमा प्रयोग गरे । उनले सन् १९२६ पछि जेलमा रहँदा लेखेका लेखसीमान्तीयता शब्दको प्रयोग गरेका थिए । सन् १९४७ मा उनले समाज शासक वर्ग र शासित वर्गमा विभक्त हुने र शासित वर्ग चाहिँ उत्पीडित हुने धारणा प्रस्तुत गरेका छन् । उनका दृष्टिमा दमित, अधीनस्थ, असक्त, दबिएका, आवाजविहीन, पाखा पारिएका, निर्धा श्रमिक र सर्वहारा वर्ग नै सीमान्तीकृत वर्ग हो (ग्राम्ची, पृ. ५२) ।

रणजित गुहाको नेतृत्वमा भारतीय इतिहासकारहरूको समूहले सबाल्टर्न शब्दलाई जाति, वर्ग, लिङ्ग, पेसा, क्षेत्र, पद, धर्म, हैसियत, शारीरिक अवस्था, उमेर वर्ग आदिका आधारमा उपेक्षित व्यक्तिहरूको समूहलाई चिनाउनका लागि प्रयोग गरे । सबाल्टर्नका अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सबाल्टर्न वर्ग, प्रभुत्वशाली वर्ग र विचारधारालाई आधार मानेर हेर्ने प्रचलन स्थापित भयो । ...जब रङ्गभेद, वर्ग, जाति, लिङ्ग, यौनिकता, छुवाछुत, क्षेत्रीयता, जनजाति आदिसँग सम्बद्ध मुद्दाले मूल धारमा स्थान पाउन थाल्यो । त्यसपछि वर्गहितको पक्षमा पनि डिस्कोर्स निर्माणमा बृद्धि भएको हो (श्रेष्ठ, २०६८, पृ. १६) ।

सबाल्टर्नको प्रतिनिधिविहीनहरूको मुद्दा नै अहिले प्रतिनिधित्वको आवाज मुखरित गर्ने आधारशील भएर सम्भ्रान्तको इतिहास विरूद्ध उभिएको छ । अप्रतिनिधित्व आफैँमा प्रतिनिधिको मानक हो । यो मान्यताबाट हेर्दा सबाल्टर्न वर्गको अप्रतिनिधित्वको मुद्दामा पनि सबाल्टर्न वर्गको प्रतिनिधित्वबारे वहस गर्नु सार्थक देखिन्छ । यसको आसय निराशाका बाक्लो बादल बिच पनि सबाल्टर्नको हराएको इतिहासको खोजी गरेर तलबाट इतिहासको पुनर्लेखन गर्न सकिने सबाल्टर्नवादीको तर्क महत्त्वपूर्ण देखिन्छ (श्रेष्ठ, २०६८, पृ. ४) ।

सबाल्टर्न वर्गको प्रतिनिधित्वको दृष्टिकोणबाट इतिहास अझसम्म समावेशी बन्न सकेको छैन । सबाल्टर्न अध्ययनको दृष्टिकोणबाट हेर्दा टुप्पाबाट लेखि आएको आजसम्मको शक्ति प्रयोगद्वारा निर्मित सम्भ्रान्तीय इतिहास जति सबै सबाल्टर्नका लागि सबै भन्दा कठोर, निष्ठुर र कनिष्ठ विधाका रूपका प्रमाणित गर्न सकिन्छ । टुप्पाबाट लेखिएको जति पनि इतिहास शृङ्खला छ र जसलाई राष्ट्रिय वा विश्व इतिहासको रूपमा अध्ययन गरिदैँ आएको छ, त्यो केवल सीमित शासक र सम्भ्रान्त वर्गको प्रशास्तिले भरिपूर्ण देखिन्छ (श्रेष्ठ, २०६८, पृ. १७) ।

यदि नारी, समलिङ्गि, काला, खैरा र दलित समूहहरूको कुनै तात्त्विक सत्य छैन, यदि तिनका सत्यहरू सधै. अस्थिर र परिवर्तनशील छन् भने ती समूहकाहरूले तिनका स्वरलाई परिचयको कस्तो धरातलमा उभिएर उनिहरूको आवाज उठाउने ? के गरिब वा दलित समूहहरूले आफ्नो प्रतिनिधित्व आफै गर्न सक्दैन् ? यदि सक्तैनन् भने तिनको प्रतिनिधित्व कसले गर्नुपर्छ ? के दलित समूहभन्दा बाहिर रहेक पढेलेखेका व्यक्तिले त्यस सीमान्तकृत समूहको प्रतिनिधित्व गर्न सक्छन् (उप्रेति, २०७८, पृ. २२९) ।

सबाल्टर्न शब्दले हरेक दृष्टिले समाजमा हेपिएका, तल्लो दर्जाका व्यक्ति, समूह वा समुदायलाई जनाउँछ । सीमान्तीयताको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेल परेकाहरू भन्ने हुन्छ । ब्रिटिस सेनामा क्याप्टेनभन्दा तलको पदलाई सबाल्टर्न भन्ने गरिन्छ । माक्र्सले यो अर्थ र सन्दर्भमा प्रयोग हुने उत्पिडित पदावली प्रयोग गरेका छन् । इटालेली भाषामा यसलाई सबाल्टर्न भन्ने गरिएको छ (बराल, २०७३, पृ. १७२) ।

कृतिभित्र प्रतिनिधित्व गराइएको वर्गीय, जातीय र लैङ्गिक हिसाबले सीमान्त पात्रको पहिचान कुन रूपमा र कसरी गराइएको छ भन्ने कुराको अध्ययन, विश्लेषण सीमान्तीकृत वर्गका लागि को बोलेको छ, कसरी बोलेको छ, कृतिमा पात्र

आफै बोलेको छ कि लेखक (समाख्याता) वा कोही बोलेको छ भन्ने कुराको अध्ययन सीमान्त आवाजअन्तर्गत पर्दछ । गायत्री चक्रवर्तीका विचारमा सीमान्त समुदाय आफै बोल्न सक्दैन तसर्थ बौद्धिक वर्गले बोलिदिनुपर्छ (शर्मा, २०७०, पृ. ३१८) ।

यसरी सीमान्त वर्गले प्रभुत्वशाली र शक्तिमा रहेका वर्गका क्रियाकलाप, व्यवहारप्रति असहमति जनाउँदै आफ्नो अधिकार प्राप्तिका लागि गरेको प्रयास नै सीमान्तीकृत वर्गको बोली हो । यसै क्रममा साहित्यको अध्ययनमा पनि सीमान्तीयतालाई प्रमुख आधार बनाइएको पाइन्छ । प्रभुत्वशाली वर्गले शक्तिहीन समुदायका मानिसहरूलाई कसरी सीमान्तीकृत बनाएका छन् र आफ्नो वर्चस्व स्थापित गरेका छन् भने विषयको प्रश्नमा आधारित रही मुक्तिनाथ तिमसिनाको को अछुत ? उपन्यासमा जातीय सीमान्तीयताको सिद्धान्त अनुरूप पाठ विश्लेषणका आधारमा गुणात्मक शोधढाँचाको विधि प्रयोग गरी निष्कर्ष निकालिएको छ।

## ३. कृति विश्लेषण

जात व्यवस्थामा आधारित समाजमा जातीय भिन्नता र असमानताका कारण कुनै खास जाति वा जाति समूह सामाजिक बहिष्करणमा परेको हुन्छ । यस्तो समाजमा एउटा जातले अर्को जातमाथि वर्चस्व कायम गरेको हुन्छ । यस सन्दर्भमा यस कृतिको समयसन्दर्भलाई हेर्दा कृतिको समाज जातीय आधारमा उच्च र निम्न गरी दुई वर्गमा विभाजित छ। यहाँ उच्च जातमा ब्राह्मणवादी सोच र निम्न वर्गमा कथित तल्लो वर्ग भनिने दलित वर्गलाई प्रस्तुत गरिएको छ। कुनै व्यक्ति वा कामको आधारमा कोही कसैलाई जातीय विभेद गर्न पाइदैन। जन्मदैमा कोही दलित भएर जन्मिदैन। यो पृथ्वीमा मानिसको एक मात्र जात हुन्छ । प्रकृतिले सबै मानिसलाई समान हक अधिकार दिएर जन्म दिएको हुन्छ। मानिसले मानिसको भेद गर्नु न्यायचित कुरा होइन भन्दै उपन्यासकारले समाजमा भएको यस्ता खाले अन्यायको अत्य गर्दै समानताको माग पनि गरेका छन्।

मुक्तिनाथ तिमसिनाद्वारा लिखित ‘को अछूत ? उपन्यासमा जातीय सीमान्तीयताको प्रस्तुति पाइन्छ। उच्च जातकै कारण तल्लो जातका मानिसहरूप्रति गरिने जातीय व्यवहारकै कारण मानिसहरू सीमान्तीकृत बन्न बाध्य भएको तथ्यलाई ‘को अछूत ?' उपन्यासका कथावस्तुले पुष्टि गरेको छ। यस उपन्यासमा जातीय सामाजिक सांस्कृतिक वर्ण व्यवस्थाले निर्माण गरेको कथित तल्लो जातको संस्कृति प्रस्तुत छ । जातीय हिसाबले यस उपन्यासमा गगने सार्की, स्थानी, इन्दुरी, गोरे दमाई, उजेली आदि पात्रहरू कथित तल्लो जातिका रूपमा प्रतिनिधित्व गरेका छन् भने प्रमुख पात्रका रूपमा सामन्ती चिन्तन बोकेको बाबुकी छोरी र सामन्ती घरकै बुहारीका रूपमा माया देखिएकी छ। माया वर्गीय हिसाबले उच्च वर्ग समुदायको मात्र नभएर वर्गीय हिसाबले कथित उच्च जातीय परिवारसँग नै जोडिएकी छ। यसो भएर पनि उसमा सामन्तवादी सांस्कृतिक सोच छैन न त उसमा आपूm उच्च जातकी हुनमा घमण्ड छ। उनी त सामन्तवादी सांस्कृतिक चिन्तनको अन्त्यका लागि क्रियाशील वा क्रान्तिकारी व्यक्तित्वका रूपमा देखिएकी छन्।

नेपाली समाज जातीय विभेदले आक्रान्त छ। यस समाजमा हिन्दु वर्ण व्यवस्था अनुसार कथित उपल्लो जातिले कथित तल्लो जातिमाथि गरेको शोषण दमनलाई यस उपन्यासमा प्रस्ट रूपमा उल्लेख गरिएको छ। उपन्यासमा कथित तल्लो जातको गगने सार्कीले जातीय शोषणका विरूद्धमा सङ्गठन बनाएर परिवर्तनको बाटो हिँडेको छ । लामो समयसम्म हलो जोतेर आफ्नो जीवन धानी रहेको गगने सार्कीको बीजबाट जन्मेको छोरो बाहुनको घरमा जन्मेकाले धर्मको रक्षक भएको तर त्यही पण्डितको बाबु तल्लो जातिको भएको कारण पूजाका पूmल प्रसादसम्म लिन नपाएको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> म सार्की ऊ बाहुनी ईश्वरले के भन्ला ? समाजले सरकारले मलाई के गर्ला ? मलाई तिनले अछूत सार्कीको रूपमा नदेखेर प्रेमीको रूपमा किन देखिरहेकी छन् ?... अरू बाहुनहरूले मलाई अछूत भनेर घृणा गरेझैँ यिनले पनि घृणा गर्न किन सकिनन् ? हाम्रा धर्मशास्त्रका कुरा साँचा हुन भने त उनले मनमा पाप चिताए पनि मैले मनमा पाप चिताए पनि चिताउना साथै उतिखेरै एउटा नजाती कुरो होइहाल्नुपर्ने खोइ ? आज बीस–बाइस दिनदेखि उनी मलाई चाहिरेकी

> छन् म पनि उनलाई चाहिरहेको छु किन अहिलेसम्म हामी दुईको थाप्लोमा चड्केनी पर्दैन ...सुमित्राले भनिन् वराजुको हालत तिमीलाई थाहै छ, म के यसै गरेर बाँचिरहन सकुँला ? अवश्य सक्तिन हली दाइ तिमी मलाई वर्जु नभन, अपमान नगर... दस मास पुग्यो सुमित्राले ज्यादै सुन्दर छोरो पाइन, सारा गाउँले बोलाएर छैटीको उत्सव गरियो, तिनै बालक आज गाउँकै जिल्ला भरिका धर्माधिकार छन्, पण्डित छन्, पुरोहित छन्, तिनैको नाउँ रविलला हो त्यही हलीको नाम गगने सार्की हो (पृ. ५२)।

प्रस्तुत साक्ष्यमा यो धर्मशास्त्र भन्नेकुरा पनि बेकार रहेछ। यदि सत्य हो भने त गगने सार्कीलाई किन पाप नलागेको होला एकजना बाहुनीले मन पराउँदा। यदि कथिक दलित जातिलाई अछुत भनेर घृणा गर्ने यो समाज अनि उनी र म बिचको सम्बन्ध किन सबैलाई थाहा हुदैन, वास्तबमै भगवान छन् भने त हामीले नराम्रो चिताउँदा नै हामीलाई कुनै नराम्रो हुनु पर्ने आजसम्म केही भएको छैन । यो छुवाछुत भन्ने कुरा बेकार हो भनेर गगनेले व्यक्त गरेको छ। सुमित्रा ब्राह्मण परिवारकी बुहारी हुन्। उनको लोग्ने शारीरिक रूपमा गोजेङ्ग्रो÷अशक्त थिए। गोजेङ्ग्रो लोग्नेबाट यौन सन्तुष्टि प्राप्त गर्न नसकेपछि आफ्नै घरमा हलो जोत्ने हलीसँग यौन सम्बन्ध राख्न चाहेकी सुमित्रा विवाह भएको २० वर्षसम्म पनि बालबच्चा नभएपछि उसमा आमा बन्ने इच्छा जागृत हुन्छ। त्यो इच्छा गगने सार्कीले पुरा गरिदिन्छन्। उसकै विर्यबाट रविलला नाम गरेको छोरा जन्मन्छ र ऊ त्यस समाजको पण्डितको रूपमा चर्चित छ। तर गगने सार्की किन अछूत भन्ने प्रश्न यहाँ समाजको अगाडि उसले खडा गरेको छ र समाजको यो व्यवस्थाको विभेदप्रति गगने सार्की आन्दोलित बनेको छ। नेपाली समाजमा विद्यमान रूढिहरू मध्येको जातीय विखण्डन र त्यसले उब्जाएको असमानता, अन्याय, अत्याचार, शोषण र दमन तथा विलासिताका लागि कथित उपल्लो जातका मानिसले कसरी कथित तल्लो वर्गमाथि राज गर्छन् भन्ने यथार्थ प्रस्तुत माथिका साक्ष्यमा गरिएको छ।

नेपाली समाजको सबैभन्दा शोषणमूलक अवस्था राणा शासन र हालसम्म पनि अवसरहरू दिने ठाउँमा अछूत भनेर पाखा लगाउने वासनापूर्तिका लागि तिनीहरूलाई प्रयोग गरेर उनीहरूको अस्मिता, अस्तित्व र जीवनलाई अन्धकारमय बनाएर कथित उपल्लो जात भनौदाहरूले कथित तल्ला वर्ग वा जातलाई जिम्मा लगाई पठाइदिने पाखण्डी व्यवहार यसरी यस कृतिमा प्रस्तुत गरिएको छ :

> ब्राह्मणकी छोरी थिएँ, सानैमा विधवा भएँ काठमाडौँका ठुलाठालुहरूले भान्से बाहुनी राख्ने चलन चलिआएको बुझेकी थिएँ। संयोगवश एउटा ठुलो घर धनी कहाँ भान्से लागेँ। ऊ थिए जातका क्षेत्री र दर्जाका कर्णेल। मेरो उमेर बीस–एक्काइस वर्षको भइसकेको थियो । त्यहाँ एउटा कामवासनाको नाङ्गो नाच हुँदो रहेछ । मालिक तीस वर्षभन्दा मुनि नै थिए। त्यहाँ धेरै धाईसुसारे नानी केटीहरू भए पनि पहाडको कसरतले शरीरको मजबुती र मुखको लाली मैसँग बढ्ता थियो, मालिकको म उपर आँखा गड्न थाल्यो ... पाँच महिना पछि मालिक कलकत्ताको जर्नेल भएर जाने भए। साथमा म पनि गएँ। मैले एक महिनाको पेट बोकिसकेकी थिएँ। हामीहरू रेलमा कुदिहाल्यौँ। म गर्भिणी थिएँ नीदले कालले छोप्ला झैं छोपेछ यसो व्युँझन्छु त न केटी छ, न दमा केवल उही दमाई मात्र कोठामा देखेँ । मालिकले मलाई यसै भन्नु भएको छ। यिनको स्वास्थ्य अति विग्रेको छ, एक वर्ष जति देहरादुनमा बसेर आउनु, यिनको रखबारी तँ हुनु। उसैका शरणमा परेँ। पन्ध्र वर्षसम्म लगातार देहरादुनमै बसेँ। आखिर क्षयरोगले मेरो लोग्ने दमाईलाई च्याप्पै ल्यायो र ऊ घरमा आयो साथमा म पनि आएँ, घर आएको थोरै दिनमा नै ऊ परलोक भयो । म दमिनी हुँ तर गोरे दमाई होइन, बाहुनी र षत्रीको सन्तान जे जात ठहर्छ त्यही जात हो। (पृ. २४—२५)

प्रस्तुत साक्ष्यमा सानी बजैलाई कसरी अछुतको संज्ञा दिएको छ भन्ने कुरा प्रस्ट रूपबाट देख्न सकिन्छ । सानी माथिको शोषणका कारण कथित उपल्लो वर्गका मानिसको सम्भोग क्रियाबाट जन्मेको गोरे कसरी अछूत भयो यो प्रश्न पनि स्यानी बजैले ब्राह्मणवादी समाजमाथि प्रस्तुत गरेकी छन्। कथित उच्च वर्गका मानिसहरूले महिलाहरूमाथि गरेको शोषण दमन उपभोग गरी कसरी निमुखा निम्न वर्गमाथि जिम्मा लगाइदिन्छ भन्ने कुरा प्रस्तुत साक्ष्यबाट प्रस्ट हुन सकिन्छ। कथित उच्च वर्गहरूले कसरी निमुखा महिलाहरूलाई यौन विलासिताका साधन बनाएका छन् र त्यसबाट गर्भ आएमा ब्राह्मणवादी

समाजले आफू कसरी असुरक्षित हुँदा रहेछन् भन्ने विषय यस साक्ष्यमा प्रस्तुति पाइन्छ । देवेन्द्रले आफ्नै भान्से बाहुनी सानी बज्यैलाई अनेकौँ प्रलोभनमा फसाएर गर्भिणी बनाएपछि कलकत्ता लगेर कथित अछूतको जिम्मा लगाई आफू चोखिएको प्रसङ्ग यहाँ प्रस्तुत छ ।

यस कृतिमा उपन्यासकारले नेपाली समाजमा विद्यमान जातीय समस्यालाई ऐना जस्तै बनाएका छन् । समाजमा भएको जातीय विभेद, कथित उच्च वर्गले गरेको ज्यादतिको अर्को उदाहरणको रूपमा उजेली कसरी अछूत भन्ने प्रश्नलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

> स्त्रीको पोसाकमा उन्मुक्तको रूपमा उनै मालिकलाई देखेँ, म खङ्ग्रङ्ग भएँ... "इन्दिरा तिमी नहडबडाऊ यो मेरो जे कुच छ त्यो सबै तिम्रो हो । यसै गरेर एक महिना त ठूलो परितृप्तिका साथ वित्यो, अनि पछि मलाई झसङ्गझसङ्ग हुन थाल्यो । दोस्रो महिना लाग्नासाथ म बाहुनी हजुरले बनाएको हो । अब के गर्ने ? जवाफमा आयो मैले डाक्टरलाई भनिदिएको छु, इन्जेक्सनले सबठिक हुन्छ । यो मैले मेरो गर्भको हनन्मा किन राय मागि रहेको छु, के यसरी नै म अब आमा बन्न सक्तछु ?... दसौँ महिनामा प्रवेश गरेकी गर्भिणी म रूँदै बाटोमा आइरहेकी थिएँ सिस्ने खोलमा डाँका लागे साथमा भएको सर्वस्व लुटियो, डाँका लाग्न साथै युवकको मन पनि बदलियो' उसले भन्यो– नरोउ बज्यै तिमीलाई म एउटा बाससम्मा पुर्‍याएरै छोड्नेछु । रात परेपछि दुवैजना घर पुग्यौँ । एकछेउमा बसी पल्टेँ निदाइहालेछु । भोलिपल्ट बिउँझेर यताउती हेर्दा त उता सुजेरो, उता सुँगुर, उता कुखुरा, म दमिनी भइरहेकी रहेछु । भोली पल्ट त यही अभागिनी जन्मिहाली । यही उजेली । (पृ. २०—२१) ।

प्रस्तुत साक्ष्य अनमोल विवाहको मारमा परेकी इन्दिरा बाल विधुवा हुन पुग्दछे । विधुवालाई यस समाजले हेर्ने नजरबाट ऊ आक्रान्त थिई । उमेर सँगसँगै यौवन उसमा बढ्दै जानु स्वभाविकै थियो । ऊ दानवीरको कब्जामा कसरी परेकी छ भन्ने प्रसङ्ग यस साक्ष्यमा प्रस्तुत छ । दानवीरले यौन वासनाको साधन बनाएर इन्दिरा गर्भिणी हुन्छे । अन्ततः उसलाई कसरी पन्छाइयो भन्ने कुरा पनि प्रस्ट रूपमा यस साक्ष्यबाट पाउन सकिन्छ । इन्दिरा गर्भिणी भएपछि आफू चोखो हुन अर्कैलाई पैसामा बेचिदिने र त्यही पैसा पनि चोरी भएपछि त्यस युवकले छोडेर जानु र कथित तल्लो जातिको घरमा पुर्‍याइदिनु र अन्त्यमा उजेली त्यहीँ जन्मनु, के दमाईको घरमा जन्मिदैमा उजेली दमिनी हुन्छे ? समाजमा कथित उच्च जातका भनिनेहरूले कथित निम्न जातमाथि गरेको विभेदकै कारण कसरी अछूत भन्ने प्रश्नमा आधारित छ ।

कोही मानिस बाहुन, कोही कामी, कोही सार्की, कोही नेवार, कोही छूत, कोही अछूत, यो के को विभेद हो आखिर मानिस त एकै जात हो , एकै रगत हो तर हाम्रो ब्राह्मणवादी समाजमा किन विभेद ? कसैले चाहेर कसैको विभेद गर्न सक्छन् ? कामको आधारमा कसैलाई दलित भन्न पाइन्छ ? यी र यस्ता प्रश्नका जवाफमा तलका प्रसङ्ग प्रस्तुत गरिएको छ :

> पृथ्वीमा मानिस मात्र एक जात हो , छूत, अछूत भन्ने प्रश्न नै छैन , जुन भगवान्को वैभव पृथिवी, जल, तेज, वायु, आकाशबाट हरेक मानिसको सृष्टि भएको छ । अछूतहरूमा अछूत तत्व र छूतहरूमा छूत पवित्र तत्वहरू राखेर भगवानले सृष्टि गरेका छैनन् । यो त पुँजीवादी मुलुकमा एउटा दतिल वर्ग बनाएर त्यसको शोषणद्वारा आफ्नो स्वार्थ हासिल गर्ने पण्डित, पुरोहित, शास्त्री, राजामहाराजा, धनी मानिसहरूको दाउपेज मात्र हो । मानिस मानिससँग छुइदैन (पृ. ४४) ।

प्रस्तुत साक्ष्यमा सुमित्राले गरेको प्रश्नको जवाफमा प्रज्ञाले दिएको उत्तर आएका प्रसङ्ग प्रस्तुत गरिएको छ । खासमा पृथ्वीमा मात्र एक जात हुन्छ त्यो मानिस हो । मानिस मानिस बिचको विभेद किन ? यो विभेद कसले सृजना गर्यो ? यही विभेदले गर्दा कथित दलित जातिलाई पछि पारिएको छ । कुनै एक शास्त्र कुनै एक जातले कोही मानिस गरिब हुदैमा उसलाई दतिलको संज्ञा दिन मिल्दैन । कुनै कामकै आधारमा कसैलाई विभेद गर्नु राम्रो काम हैन । यस पृथ्वी सबै मानिसको समान अधिकार छ । मानिसले नै मानिसलाई विभेद गर्नु हुदैन । सयौ वर्षदेखि विभेद खेप्न विवश भएका कथित दलित जातिलाई आफ्नो अधिकार खोज्न एकजुट भएर लड्नु पर्छ भन्ने मूलभाव यस प्रसङ्गले पनि प्रस्तुत गरेको छ ।

माया यस उपन्यासकी प्रमुख पात्र हुन उनले नै परिवर्तनको आवाजलाई अगाडि बढाउदै विषयवस्तु गहन बनाएकी छन् । समाजमा भएका यी र यस्ता विभेद र वास्तविक घटनालाई सबैका सामु प्रस्तुत गरेर मानिस मानिस बिचको सम्बन्ध एकै खालको हुनुपर्छ  विभेद मूलक हुनुहुदैन भन्दै समाजको वास्तविक घटना तथा यस उपन्यासको वास्तविक विषयक प्रस्तुत तल यसरी प्रस्तत गरेकी छन् :

> गोरे दमाई खास तपाईंका पिता देवेन्द्रजीको सन्तान हुन् नपत्याए सोध्नुहोस् स्यानी बज्यैसँग । उजेली खास मायाकी दिदी तपाईंका ससुरा दानवीरकी सन्तान हुन् र म पनि उनै दानवीरको वीर्यबाट जन्मेको सन्तान हुँ । प.. रविलालजी खास गगने दाइका सन्तान हुन् ( पृ. ९७–९८) ।

प्रस्तुत साक्ष्यमा मायाले सबैको कर्तुत सबैको अगाडि भनिदिएकी छ । दमाईंको वीर्यबाट जन्मिएको रविलाल, पण्डित रविलालजी हुने तर देवेन्द्र र दानवीरको वीर्यबाट जन्मिएका गोरे र उजेली कसरी अछूत भए । ब्राह्मणवादी समाजको वर्ण व्यवस्थाले गरेको विभेदको विरूद्ध जागरूक भएर अगाडि बढ्नुपर्छ भन्दै यस कृतिकी प्रमुख तथा क्रानितकारी पात्र मायाले सबैलाई सङ्गठित भएर लाग्नुपर्छ भन्दै कथावस्तु अगाडि बढाएकी छिन् ।

**४. निष्कर्ष**

मुक्तिनाथ तिमसिनाको २०११ सालमा पहिलो पटक प्रकाशित भएको को अछूत ? उपन्यासले सबैभन्दा पहिलो पटक नेपाली उपन्यास क्षेत्रबाट सामाजिक सांस्कृतिक परिवर्तनको मुद्दालाईङ उठाउने जमर्को गरेको छ । नेपाली समाजमा विद्यमान जातीय समस्यालाई उठाउँदै त्यसको सीमान्तीकृतमा परेका कथित दलित वा अछूत जातिको वास्तविक घटनालाई जातीय सीमान्तीयताद्वारा उनीहरूको आवाज बाहिर ल्याउने काम मायाद्वारा गरिएको छ । यसरी सीमान्तकृत हुन पुगेका कथित दलित वर्गको आवाज बोल्न नसक्नु जातीय सीमान्तीयता हो । यस उपन्यासमा हिन्दु ब्रह्माणवादी समाजले कथित दलित वर्गलाई कसरी अछूतको संज्ञा दिइयो भन्दै गगने, गोरे, उजेली आदि पात्रको प्रयोगद्वारा समाजमा भएको जातीय विभेदको प्रस्तुत गरिएको छ । कथित दलितको वीर्यबाट जन्मने रविलाल,पण्डित रविलाल हुने तर गोरे उजेली कथित उच्च जातको वीर्यबाट जन्मिएका उनीहरू कसरी अछूत भए भन्दै यस उपन्यासकी प्रमुख पात्र तथा क्रान्तिकारी व्यक्ति मायाले आपूm ब्राह्मण परिवारकी बुहारी भएर पनि जातीय सीमान्तीयताको पक्षमा उनीहरूको आवाज बाहिर ल्याउने परिवर्तनकारी कार्य गरेकी छिन् ।

प्रस्तुत उपन्यासले उठाएको जातीय विखण्डन र त्यसले सिर्जना गरेको अन्यायपूर्ण समय व्यवस्थाको विरोधलाई मुख्य कथ्यको रूपमा प्रस्तुत गर्दै गगने सार्की आन्दोलित हुदै सङ्गठन खोलेर मन्त्रीसम्म भएको अवस्था यस कृतिमा देख्न सकिन्छ ।

**सन्दर्भ सामग्रीसूची**

उप्रेती, सञ्जीव (२०७८) . सिद्धन्तका कुरा. काठमाडौँ :  बुक — हिल पब्लिकेसन ।
बराल, ऋषिराज (२०७३) . माक्र्सवाद र सबाल्टर्न अध्ययन. ललितपुर : साझा प्रकाशन ।
मुक्तिनाथ (२०६७). को अछूत ?. तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।
शर्मा, मोहनराज (२०७०) .‘अवरजन अध्ययन र साहित्य . भृकुटी. सांस्कृतिक अध्ययन विशेषाङ्क. पूर्णाङ्क १९, पृ. ३१४–३२० ।
श्रेष्ठ, तारालाल (२०६८) . शक्ति, स्रष्टा र सबाल्टर्न. काठमाडौँ :  ।
Gramsci, Antonio (1947). Selection from the Prison.